परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ३७ २०८२ बैशाख २८ आईतवार Sunday 11, MAR 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

**पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।**

## जबरजस्ती करणीको आरोपीलाई २० लाख धरौटीमा छाड्न उच्च अदालतको आदेश



विराटनगर । जबरजस्ती करणी गरेको आरोपमा पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएका विर्तामोड नगरपालिकाका पूर्वमेयर ध्रुवकुमार शिवाकोटीले स्वास्थ्यलाई कारण देखाउँदै ५ महिनादेखि अस्पताल मै रहेका शिवाकोटीलाई उच्च अदालत विराटनगरले २० लाख धरौटी लिएर छाड्न आदेश दिएको छ ।

उच्च अदालत विराटनगर, इलाम इजलासका न्यायाधीशहरू किरणकुमार पोखरेल र रेखा थापा पाण्डेको इजलासले बिहीबार नै शिवाकोटीलाई २० लाख धरौटी जमानत राखि छाड्न आदेश दिएको छ ।

एमालेबाट निर्वाचित पूर्वमेयर शिवाकोटीलाई झापा जिल्ला अदालतले २०८१ पुस २२ मा पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । त्यो आदेश लगतै अदालतले समेत स्वास्थ्यलाई कारण देखाउँदै उपचारको प्रबन्ध गर्न आदेश दिएपछि ५ महिना देखि बिर्तामोडको बिएण्डसी अस्पतालमा उपचार गराई रहेका थिए ।

झापा जिल्ला अदालतले थुनामा पठाउन गरेको आदेशमा चित्त नबुझेको भन्दै बेरितको आदेश बदर गरिपाउँ भी उच्च अदालतमा शिवाकोटीले निवेदन दिएका थिए । चौथो पटकको पेशीमा उनलाई धरौटीमा छाड्ने आदेश दिएको छ ।

पूर्वमेयर शिवाकोटीको घरमा घरेलु कामदारका रुपमा काम गर्दै पढ्दै आएकी १५ वर्षीया बालिकाले पहिले यसबारे कहिल्यै नभनेको तर आफन्त नेपाल नामक संस्थाको सम्पर्कमा आएपछि मात्रै यसबारे भन्न थालेको आफ्नो आदेशमा भनेको छ ।

'यसमा प्रतिवादीले पीडितलाई आफ्नो घरमा वर्षौंदेखि पालनपोषण गरी विद्यालयमा अध्ययन गराई आएकोमा विगत ३ वर्षदेखि प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्दै आएको भन्ने निजको हजुरआमाको किटानी जाहेरी रहेको तर सो भन्दा अगावै यी पीडितको हजुरआमासँग निजको पटकपटक फोनमा सम्पर्क भएको र भेट्न समेत आउने गरेको भनी पीडितको मौकाको कागज रहेकोमा सो तथ्य आफ्नो हजुरआमालाई भनेको भनी निजको कागजबाट खुल्न आएको पाइदैन', अदालतको आदेशमा भनिएको छ ।

आदेशमा अगाडि भनिएको छ 'यी पिडित आफन्त नेपाल नामक संस्थाको सम्पर्कमा आएपछि मात्र २०८१ मंसिर १५ को जवरजस्ती करणीको आरोप लगाउँदै मंसिर २४ मा जाहेरी परेको देखिन्छ ।

तर यी पीडित प्रतिवादीकै संरक्षणमा बसी प्रतिवादीले सात वर्षदेखि सहयोग गर्दै आएको र निज प्रतिवादीकै कारण भविष्य उज्वल भएको भनी वारदात भएको भनिएको भोलिपल्ट अर्थात मिति २०८१-०८-१६ मा विर्तामोड नगरपालिकामा स्वयम् पीडितले निवेदन दिएको मिसिल संलग्न प्रमाण कागजवाट देखिन आउँछ ।'

आफ्ना साथीहरुलाई पनि कहिल्यै नभनेको उल्लेख गर्दै अदालतले भनेको छ, 'विगत तीन वर्षदेखि प्रतिवादीले जवरजस्ती करणी भएको भनिएकोमा

वांकी अन्तिम पेजमा...

## जनतासँग गरेको वाचा पुरा गर्न नेमकिपाको माग

विराटनगर । दुइ ठूला पार्टी नेपाल कांँग्रेस र नेकपा एमाले निर्वाचनको वेला जनतासँग गरिएको प्रतिवद्धता अर्थात घोषणपत्रमा लेखिएको कुरा पूरा गर्न नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नरायण विजुक्छेले माग गरेका छन् ।

पार्टीको कोशी प्रदेश कमिटीद्वारा विराटनगरमा आयोजित पत्रकार सम्मेलनमा जनतासंग गरिएको प्रतिवद्धता पुरा नगरेकै कारण जनतालाई सुसुचित गर्न हाम्रो पार्टी जिल्ला जिल्ला अन्तरक्रिया गरि रहेको वहाँले वताए ।

राजतन्त्र फर्किने सम्भावना कतिको छ भन्ने पत्रकारहरुको प्रश्नमा अध्यक्ष बिजुक्छेले मुलुकमा राजतन्त्र पुन:स्थापना हुन नसक्ने दावी गर्दै जनताले ठूलो संघर्षबाट हटाएका निरङ्कुश राजतन्त्र मुलुकमा पुन: फर्कने कुनै सम्भावना नरहेको स्पष्ट पारका थिए ।

विश्वको अधिकांश मुलुकमा राजसंस्था निरङकुश रहेको चर्चा गर्दै व्यापारी पूर्व राजालाई जनताले कुनै पनि हालतमा स्थापना नगर्ने वताउँदै वर्तमान सत्ताधारी पार्टीहरुले निर्वाचनमा समयमा सार्वजनिक गरेको घोषणापत्र अनुसारको कार्य गरि जनताको जीवनस्तर उकास्ने तर्फ लाग्नु पर्ने सुझाव दिएका थिए ।

वर्तमान सरकारले ल्याएको नीति तथा कार्यक्रमको सम्बन्धमा सोधिएको प्रश्नमा वहाँले भने पुरानै परम्परावादी ढङ्गको भएको आरोप लगाउदै यसले जनताको जिवनस्तर र मुलुकको आर्थिक चलायमान कायम गर्न नसक्ने दावी गरेका थिए ।

जनताले पार्टीलाई दिएको मताधिकार सरकारमा सहभागी हुन होइन प्रतिपक्षमा वस्न र जनताको समस्या उठाउन दिएको भन्दै वर्तमान सरकारले विगत एक महिना अवधिमा पनि केन्द्रीय बैंकको रुपमा रहेको नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्त नगर्न सक्नु सरकारको लागि लाजमर्दो भएको आरोप लगाए ।

सरकारले उत्पादनका

वांकी अन्तिम पेजमा...

## सहकारीको धार्मिक अवलोकन भ्रमण

विराटनगर, सहमति शिक्षा बचत तथा ऋण सहकारी संस्था लि. प्रगती विनायक टोल विराटनगर(८ ले आफ्नो सदस्यहरुलाई एक दिने धार्मिक अवलोकण भ्रमण गराएका छन् ।

सहकारीका २०८१ भाद्र १५ गते सम्पन्न १२ औं वार्षिक साधारण सभावाट पारित संस्थाको वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत शेयर सदस्यहरुको लागत सहभागीताको आधारमा अवलोकन भ्रमण गराउने निर्णय भएको थियो । सोही निर्णयको आधारमा २०८२ साल बैशाख ९ गते सूचना प्रकाशन गरी २० गते सम्म नाम दर्ता गर्न अह्वान गरेको थियो ।

सूचनाका आधारमा बैशाख २० गते भित्र नाम दर्ता गराउने ४३ जना शेयर सदस्यहरुलाई बैशाख २६ गते शुक्रवार पाउ पाथिभारा चारआली झापा, इलामको पाथिभारा माता र पर्यटकीय स्थल कन्यमको भ्रमण गरको हो ।

बसमा गरिएको एक दिने भ्रमणमा शेयर सदस्यहरुलाई बस भित्रै नास्ता र नाचगानको लागि साउण्ड बक्सको व्यवस्था गर्नुका साथै दिउँसोको सादा खाना इलामको हर्कटे बजारमा व्यवस्था गरिएको थियो । सोही दिन फर्केर बाटोमा नास्ता र चिया खादै विराटनगर फिर्किएको थियो ।

सहकारीले यसअघि पहिलो एक दिने भ्रमण पाउ पाथिभारा लगायत धार्मिक पर्यटक स्थल र दोस्रो पटक ५ दिने प्युठानको स्वर्गद्वारीको भ्रमण गरिसकेको थियो ।


दुई पटक भ्रमण गराउन सफल भएका सहकारीले तेस्रो पटकको भ्रमण पनि सफभल

वांकी अन्तिम पेजमा...

## कोशी अस्पतालद्धारा जनहितमा जारी सूचना

- कोशी अस्पताल परिसर भित्र जथाभावी फोहर नगरौं ।
- कोशी अस्पताल आउने सेवा ग्राहीले अनिवार्य रुपमा मास्कको प्रयोग गरौ ।
- अस्पताल परिसरमा जथाभावी पार्किङ्ग नगरौं ।
- कोशी अस्पतालमा भर्ना भई उपचार गर्ने विरामीसंग एक जना कुरुवा मात्र बसौं ।
- अस्पतालमा पुर्जी काट्दा, डाक्टरसँग जाँच गराउँदा, जाँचको शुल्क बुझाउँदा, औषधी लिदा, औषधीको पूर्जामा विमाको छाप लगाउँदा, लगायतको सेवा लिदा आफ्नो पालो पर्खौं ।
- अस्पताल परिसर भित्र सुर्ती जन्य पदार्थ र धुम्रपान प्रयोग नगरौ ।
- अस्पताल परिसर भित्र भिडभाड हुने हुँदा पाकेट मार र उपचारको नाममा ठगी गर्ने दलालहरुसंग बचौं ।
- अस्पताल सबैको साझा सम्पत्ति भएकोले अस्पतालको सम्पत्तिलाई सबै मिलि संरक्षण गरौं ।
- स्वास्थ्य विमा गरेका स्वास्थ्य संस्थावाट रेफर सिफारिस अनिवार्य लिएर आउनु होला ।
- अस्पतला परिसर भित्र आफ्नो समानको सुरक्षा आफै गरौं, समान हराएमा अस्पताल जिम्मेवार हुने छैन

**कोशी अस्पताल विराटनगर, कोशी प्रदेश**



## जबरजस्ती...

प्रतिवादीकै घरमा बसी पीडितसँगै एउटै कोठामा सुत्ने आफ्नो साथीहरू वसन्ती हास्दा र मञ्जली हास्दालाई सो तथ्य कहिले पनि खुलाएको देखिन आउँदैन भने पीडितको मौकाको स्वास्थ्य परीक्षण गर्ने विशेषज्ञको रायमा 'हिष्ट्री एण्ड एक्जामिनेसन डज नट एड्ज्याक्टली म्याच' भन्ने उल्लेख भएको देखिन्छ ।'

यिनै विषयलाई आधार मान्दै अदालतले झापा जिल्ला अदालतको आदेश बदर गरेको छ । अदालतले अगाडि भनेको छ, 'यसरी मिसिल संलग्न कागजजातबाट प्रतिवादीको स्वास्थ्य अवस्था, वारदात भएको भनिएको स्थान एकान्त स्थान नभई घर परिवारका सदस्यहरू रहेकै घरकोठा देखाइएको अवस्थामा सो घरमा बस्ने वारदात प्रत्यक्ष थाहा पाउन सक्ने व्यक्तिहरूको कागजमा उल्लेखित व्यहोराको विश्लेषण नगरी प्रतिवादीलाई पुर्पक्षको निमित्त थुनामा राख्ने गरी भएको तहाँ अदालतको २०८१ पौष २२ का आदेश मिलेको नदेखिदा बदर गरिदिएको छ ।'

अदालतले आदेशमा भनेको छ 'वारदातको प्रकृति एवं प्रतिवादीको आर्थिक हैसियत समेतको रोहमा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी मुलुकी फौजदारी संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम हाल यी प्रतिवादीबाट नगद २० लाख वा सो बराबरको जमानत वा बैंक जमानत माग गरी दिएमा लिई मुद्दाको पुर्पक्षको निमित्त सादा तारेखमा राख्नुहोला ।'

पूर्वमेयर शिवाकोटीको घरमा घरेलु कामदारका रुपमा काम गर्न बसेकी उनी स्कुलकै पोशाकमा भागेर भारततिर गइरहेका बेला आफन्त नेपालले कांकडभिट्टा नाकाबाट उद्धार गरेको थियो ।

## सहकारी...

भएको र यस प्रकारको भ्रमण प्रत्येक वर्ष हुनुपर्ने प्रतिक्रिया शेयर सदस्यहरुले दिएका छन् ।

धार्मिक तथा पर्यटकीय भ्रमण सहमति शिक्षा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वर्तमान कार्य- समितिको सहयोगमा र अभ्यक्ष राजेन्द्र कुमार थापाको अध्यक्षतामा भव्यताका साथ सम्पन्न भएको छ ।

## जनतासँग...

साधनलाई समाजीकरण गरिन योग्यता अनुसारको काम र काम अनुसारको ज्याला भुक्तानी गर्नुपर्ने सुझाव भन्दै सरकारले वर्तमान अवस्थामा जनतामा रहेको असन्तुष्टी समाधान तर्फलाग्नुपर्ने जोडदिदै सङ्घीय लोकतान्त्रिक गणतन्त्र लाई बलियो बनाउनु नयाँ निर्वाचनको घोषणा गर्नु आजको आवश्यक्ता भएको वहाँको भनाई थियो ।

# लागुऔषध र एम्बुलेन्स नियन्त्रमा

सुनसरी । सुनसरीको बराहक्षेत्र नगरपालिका-१ स्थितबाट ठुलो परिमाणको लागू औषध गाँजा प्रहरीले बरामद गरेको छ ।

वैशाख २१ गते राती लागू औषध गाँजाको ओसार पोसार भईरहेको भन्ने गोप्य सुचनाको आधारमा इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले बराहक्षेत्र-१ स्थित सडक किनारमा ११ वटा प्लास्टिकको बोरामा बेबारीसे अवस्थामा ३ सय ३० किलोग्राम गाँजा फेला पारेको थियो । गाँजा बरामद भए संगै ओसार पोसारमा संलग्न रहेका ब्यक्तिहरुको खोजतलाश भइरहेको छ ।



त्यसैगरी भारतिय नम्वरको एम्वुलेन्सको प्रयोग गरी लागूऔषध गाँजा ओसार पसार भईरहेको भन्ने बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय इटहरी, धरान, पकली र रामधुनीबाट परिचालन भएको प्रहरी टोलीले लोकमार्ग तथा भित्रि सडक खण्डहरुमा सवारी साधनहरु चेक जाँच गर्ने क्रममा रामधुनी-६ पिडारी स्थितबाट बीआर ३८ पी ५४१४ नम्वरको एम्बुलेन्समा ६ वटा बोरामा लुकाई छिपाई ल्याउदै गरेको १ सय ८० किलोग्राम गाँजा बरामद गरेको थियो ।

गाँजा बरामद भएसंगै एम्वुलेन्स चालक बराहक्षेत्र नगरपालिका-४ का २५ बर्षीय श्रीराज कुमार साहलाई नियन्त्रणमा लिएको थियो ।

सम्वन्धित प्रहरी कार्यालयवाट आवश्यक कानूनी कारवाही तथा थप अनुसन्धान भईरहेको छ ।


## सामाजिक सुरक्षा कोषमा सहभागी बनौं

सामाजिक सुरक्षा कोषले संचालन गर्ने योजना अन्तर्गत :
- औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना,
- मातृत्व सुरक्षा योजना, - दुर्घटना सुरक्षा योजना,
- अशक्तता सुरक्षा योजना, - आश्रित परिवार सुरक्षा योजना,
- बृद्ध अवस्था सुरक्षा योजना, - वेरोजगार सहायता योजनामा सहभागी भई लाभान्वित होऔं ।

सामाजिक सुरक्षा कोषमा आवद्धता, आफ्नो र परिवारको भविष्य सुनिश्चितता ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## वनजन्तु तथा चराचुरुङ्गीको संरक्षण सम्बन्धी डिभिजन वन कार्यालय, मोरङ्गको अत्यन्त जरुरी सूचना

वनजंगल र वन्यजन्तुहरुको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्वीकृति नलिई कुनैपनि वन्यजन्तु तथा चराचुरुङ्गी पाल्नु हुँदैन वन्यजन्तुलाई कुनै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरिरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको अण्डा, गुँड झिक्ने, नष्ट गर्ने वा खलबल गर्ने एवं आखेटोपहार ओसारपसार वा खरिद बिक्री गर्नु गराउनु दण्डनीय अपराध हो । यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयासम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

डिभिजन वन कार्यालय मोरंग

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| शशि राई | देवीमाया काफ्ले | मोहन प्रसाद तुम्वापो |
|---|---|---|
| प्र. प्रशासकइय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

पथरी शनिश्चरे नगरपालिका, नगर पालिकाको कार्यालय, मोरंग कोशी प्रदेश

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| तुलराज थापा मगर | दिनेश पौडेल | बबि कुमार राई |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

मिक्लाजुङ गाउँपालिका, गाउँपालिकाको कार्यालय, मोरंग, कोशी प्रदेश


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# युद्ध विराम महान बुद्धिमता

भारत र पाकिस्थान वीच भएको युद्ध विराम हुनुमा बुद्धि र महान बुद्धिमताको प्रयोग भएको देखिन्छ। यो दुई मुलुक बीच युद्ध विराम घोषाण हुनु भएको हाम्रो देश र अन्य देशमा पर्न सक्ने असरवाट तत्काल जोगिएको छ। भारत शासित कश्मीरको पहलगामामा इस्लामिक आतंककारीहरूको समुहले वैशाख ९ गते २८ जनाको निर्ममता पूर्वक धर्म सोधदै हत्या गरेका थिए। हत्यामा जान गुमाउनेहरु धेरै जसो पर्यटकहरु थिए। जसमध्ये एक जना नेपालले समेत जान गुमाएका थिए। य किसिमको आतकवातदी हमला दुनियाँमा जहाँ भएपनि त्यो निन्दनीय छ।

भारत र पाकिस्ताबी युद्ध विरामको लागि भुमिका खेलेका संयुक्त राजइ अमेरिकाका राष्ट्रति डोनल्ड ट्रम्पले भुमिका खेलेका थिए। वहाँले नै भारत र पाकिस्तान युद्ध विराम गर्न सहमती भएको संचार माध्यमहरुले पुष्टी गरेका छन्। भारतका र पाकिस्तान बीच स्थल, हवाई र समुन्दी हमला रोकेका संचार माध्यमहरुले पुष्टी गरेको छ। दुवै देशको युद्ध विरामको सहमतीले आम नागरिकहरु खुशी भएका छन्। खास गरी भारत र पाकिस्तान बीच युद्ध भएको त्यसको असर सिधै नेपालमा समेत पर्न सक्ने सबैको बुभाइ थियो। भारतवाट आउने नुनु लगायतका सामग्री नेपालीहरुले स्टक र्न थालेका थिए।

भारत शासित कश्मीरको पहलगामामा इस्लामिक आतंककारीहरूको समुहले गरेको हत्याको बदला भारतले पनि मिसन सिन्दुरले पाकिस्तानलाई दिई सकेकोले तनाव बढेको थियो। दुई देश बीच भएको सहमती सराहनीय भएपनि निहत्था पर्यटकमा आक्रमन गर्ने आतंकारीहरु दुनियाँको कुनै पनि कुनामा लुकेको छ भने त्यसको खोजी दुवै देशले गरी त्यसलाई कानुनी कारवाहीको दायरामा ल्याउनुपर्छ। भारत र पाकिस्तन मिलेर त्यस्ता आतंकवादीहरुलाइ मिलेर खोजी गरी सार्वजनिक ठाउँमा दण्डित गर्नुपर्छ। फेरी पनि भारत र पाकिस्तानले गरेको युद्ध विरामको लागि दुवै देश र युद्ध विरामको लागि भूमिका खेल्ने अमेरीकालाइ समेत धन्यवाद।

# भाषाले कानुन पाएको छ, अब न्याय पाउनु छ

**सुरेश किरण**

बागमती प्रदेश सरकारले नेपालभाषा र तामाङ भाषालाई सरकारी कामकाजी भाषाको मान्यता प्रदान गर्न ल्याएको 'प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०' कार्यान्वयनमा आएको आज (वैशाख २४ गते) एक वर्ष पूरा भएको छ। गत वर्ष आजकै दिन संघीय राजधानी काठमाडौँमा एक विशिष्ट समारोहका बिच तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भाषासम्बन्धी यो ऐन कार्यान्वयनमा आएको घोषणा गरेका थिए। सोही घोषणा भएको दिनलाई स्मरण गर्दै बागमती प्रदेश सरकारले आज 'भाषा दिवस'कै रूपमा अर्को समारोह गर्दै छ।

ऐन जारी भएको दिनलाई प्रदेश सरकारले संविधानै जारी भएसरह दिवसका रूपमा कार्यक्रम आयोजना गर्नाले पनि यो ऐनको महत्त्व उजागर भएको छ। संविधान जारी गर्दा त्यसमा बरु केही सभासद्ले विमति प्रकट गरेका थिए, तर यो ऐन जारी गर्दा बागमती प्रदेशसभाका सम्पूर्ण सभासद्ले एकै मतले स्वीकृति जनाएका थिए। त्यसले पनि यो ऐनको गरिमा प्रकट गर्छ।

संविधानको धारा ७ (२) मा प्रदेशमा बोलिने भाषाहरूमध्ये बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा बनाउन सकिने भन्ने प्रावधानअनुरूप यो ऐन तर्जुमा गरिएको हो। कुन प्रदेशमा कुन कुन भाषालाई सरकारी कामकाजको भाषाको मान्यता दिने भन्ने निर्णय भने भाषा आयोगले गरेको सिफारिसका आधारमा गरिएको थियो। आयोगले बागमती प्रदेशमा जनसंख्याको आधारमा तामाङ र नेपालभाषालाई सरकारी कामकाजको भाषा निर्धारण गर्न सकिने सिफारिस गरेको थियो।

बागमती प्रदेशमा भाषा ऐन लागु हुनु नेपालको इतिहासमै एक गौरवपूर्ण ऐतिहासिक घटना थियो। १८ वटा दफा रहेको उक्त ऐन केवल १० पृष्ठको एउटा सानो पुस्तिकामा मात्र होइन। यो नेपालको भाषिक इतिहासमै सुनौलो अध्यायका रूपमा खडा गरिएको मजबुत कोसेढुंगा पनि हो। यो ऐनको कार्यान्वयनसँगै नेपालको भाषा आन्दोलन, भाषिक इतिहास र समावेशी समाज निर्माणको राष्ट्रिय संकल्प नितान्त नयाँ उचाइको दिशातर्फ प्रस्थान गरेको मान्न सकिन्छ।

अहिलेसम्म नेपालमा भाषासम्बन्धी कुनै कानुन बनेको छैन। नयाँ कानुन भएकाले यसको सिर्जना जति उत्साहपूर्ण छ, कार्यान्वयन त्यति नै जटिल पनि छ। बागमती प्रदेशसभाले सरकारी कामकाजी भाषासम्बन्धी ऐन पारित गरेकै बेला भाषाविज्ञले यसको कार्यान्वयनमा शंका व्यक्त गरिसकेका थिए जो, स्वाभाविक हो। नेपालको सन्दर्भमा सरकारी कामकाज बहुभाषी ढाँचामा सञ्चालन गर्नु नितान्त नौलो अभ्यास हो। यस्तो अनुभव नेपालले अहिलेसम्म कहिल्यै हासिल गरेको छैन। तसर्थ कार्यान्वयन जटिल छ तर यो जटिलतालाई तोड्ने सबैभन्दा ठुलो बलियो शक्ति भने प्रतिबद्धता हो। प्रतिबद्धता छ भने कार्यान्वयन सुस्त हुन सक्छ अवरुद्ध चाहिँ हुँदैन।

खुसीको कुरा, सरकारी कामकाजको भाषासम्बन्धी कानुन कार्यान्वयनको पहिलो कार्यका रूपमा गत २०८२ वैशाख ६ गते बागमती प्रदेशसभाले तामाङ भाषा र नेपालभाषाका दुई अनुवादकहरू नियुक्त पनि गरिसकेको छ। राजपत्र अनंकित पाँचौं तहमा नियुक्त गरिएका ती दुई अनुवादकले अब प्रदेशसभा बैठकमा माननीय सभासद्हरूले तामाङ वा नेपालभाषामा गर्नुभएको सम्बोधनलाई तत् समयमै नेपाली भाषामा अनुवाद गर्नेछन्। संसदले तयार गर्ने वार्षिक प्रतिवेदनलाई तामाङ र नेपालभाषामा अनुवाद गर्नेछन्। साथै संसद्ले जारी गर्ने सूचना, निर्देशन आदि जस्ता कुरा पनि दुवै भाषामा अनुवाद गर्नेछन्।

'प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०' कार्यान्वयनमा आएको आज (वैशाख २४ गते) एक वर्ष पूरा भएको छ। गत वर्ष आजकै दिन संघीय राजधानी काठमाडौँमा एक विशिष्ट समारोहका बिच तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भाषासम्बन्धी यो ऐन कार्यान्वयनमा आएको घोषणा गरेका थिए।

भाषा कानुनको कार्यान्वयन यसरी नै अगाडि बढ्ने हो। सुरुवात सजिलो कामबाट थाल्ने। यसले जटिल काम पनि सजिलो हुँदै जानेछ। भाषा आयोगले पनि प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि गर्नुपर्ने कार्यहरूको सिफारिसमा 'भाषाको विकास एकैपटक सम्भव नभई चरणबद्ध विकास (एकपछि अर्को) प्रक्रिया अवलम्बन गर्ने' कुरा उल्लेख गरेको छ।

अर्को खुसीको कुरा के हो भने बागमती प्रदेशमा भाषासम्बन्धी ऐन आइसकेपछि अन्य प्रदेशहरूमा पनि ऐन बनाउने दबाब बढेको छ। बागमतीमा ऐन कार्यान्वयन भएपछि मधेस प्रदेशसभामा पनि भाषा विधेयक दर्ता भयो। यद्यपि विवादका कारण विधेयक फिर्ता भएको छ र पनि प्रदेशसभामा भाषासम्बन्धी विधेयक प्रस्तुत हुनु नै ठुलो कुरा हो। विधेयकमाथि उठेका प्रश्न निराकरण हुँदै गएपछि विधेयकले पूर्णता पाउने र कार्यान्वयनमा जाने विश्वास लिन सकिन्छ।

मधेसपछि गण्डकीमा पनि भाषा विधेयक तयार गरी संसद्मा टेबुल भइसकेको छ। गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने गरी विधेयक तयार भएको हो। त्यस्तै, प्रदेश नं. १ (कोशी प्रदेश) मा केहीअघि नै भाषा विधेयकको मस्यौदा तयार भइसकेको छ भने त्यो अब छिटै संसद्मा टेबुल हुने अवस्था छ। यसका लागि भाषा आयोगले गत २०८१ माघ २४ गते उक्त प्रदेशको राजधानी विराट नगरमा प्रस्तावित भाषा विधेयकको मस्यौदाबारे अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो।

लुम्बिनी प्रदेशमा पनि यही २०८२ वैशाख ७ गते भाषा विधेयकको मस्यौदाबारे अन्तर्क्रिया सम्पन्न भएको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशमा पनि भाषा विधेयकबारे छलफल र अन्तर्क्रिया सुरु भइसकेको छ।

सबै प्रदेशहरूमा भाषासम्बन्धी ऐनहरू आउने क्रम सुरु भएपछि अब यसमा एकरूपता, कार्यान्वयन मा चुस्तता, प्रदेश-प्रदेश बिचको भाषिक सम्बन्ध, पालिका-पालिका बिचको भाषिक सम्बन्ध आदिका विषयमा पनि स्पष्ट नीति तय गर्न अब संघीय भाषा ऐन निर्माणका लागि दबाब पर्न गएको छ। भाषा आयोगले संघीय भाषा ऐनका लागि पनि समन्वय सुरु गरिसकेको छ।

यसरी बागमती प्रदेशले भाषा ऐन कार्यान्वयनमा ल्याइसकेपछि त्यसको प्रभाव विभिन्न प्रदेश हुँदै संघीयस्तरमै पुग्न थालेको छ।

२०७२ को संविधानमा उल्लेख भएका सबैभन्दा मूलभूत तत्त्वमध्ये प्रदेशहरूमा नेपालीका अतिरिक्त अन्य राष्ट्र भाषाहरूलाई पनि सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न पाउने (धारा ७, उपधारा २) अधिकार प्रमुख हो। तसर्थ संविधानको यो धारा कार्यान्वयन हुनुको अर्थ संविधानको मूल मर्म नै कार्यान्वयन हुनु हो।

संविधान जारी भएको एक दशक बितिसक्दा पनि त्यसको मर्मअनुरूप बहुलतामा आधारित कानुनहरू कार्यान्वयनमा नआएका कारण निराश भएका जनताले प्रश्न उठाउन थालिसकेका थिए– 'संघीयताले के दियो ?' यस्तो अवस्थामा नेपालीबाहेक अन्य राष्ट्र भाषाहरूलाई पनि सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न पाइने यो कानुन कार्यान्वयनमा आएबाट 'संघीयताले केही दिएन' भन्नेहरूलाई जवाफ दिने आधार बनाइदिएको छ। यसले संविधानलाई अझ मजबुतपूर्वक भुइँमा टेक्ने बल प्रदान गरेको छ।

नेपाल भाषिक, सांस्कृतिक, धार्मिक, जातीय विविधताले भरिएको इन्द्रेणी विशेषतायुक्त मुलुक हो। यस्तो विविधतापूर्ण मुलुकको राष्ट्रियता एकताको आधार भनेकै यहाँ विद्यमान सम्पूर्ण जाति, भाषा, धर्म, लिङ्गप्रति राज्यद्वारा गरिने समान व्यवहार हो। बागमती

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमभदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# रायलाई जीवन विकास गोल्डेन, सिठुङलाई सहासी अवार्ड प्रदान

विराटनगर । गरिबीरहित नेपालको परिकल्पनासहित ३१ जिल्लामा वित्तीय र सामाजिक सेवा प्रवाह गरिरहेको जीवन विकास लघुवित्त वित्तीय संस्थाले रमेश रायलाई 'जीवन विकास गोल्डेन अवार्ड २०८१' प्रदान गरेको छ । उनी लघुवित्तको सूचना प्रविधि विभागको प्रमुख हुन् ।

जीवन विकास लघुवित्त वित्तीय संस्थाको वार्षिक पुरस्कार वितरण समारोहका क्रममा जीवन विकास लघुवित्त वित्तीय संस्थाका संस्थापक अध्यक्ष तथा मोरङ क्षेत्र नम्बर ५ का स्वतन्त्र सांसद योगेन्द्र मण्डलले उनलाई गोल्डेन अवार्ड प्रदान गरे । यसअघि विजयकुमार मण्डल, तुलसादेवी काफ्ले, मैया राई र दिलबहादुर बिकले गोल्डेन अवार्ड प्राप्त गरेका थिए ।





जीवन विकासको जिल्ला कार्यालय इलाम प्रमुख सुशील सिठुङले जीवन विकास साहसी अवार्ड प्राप्त गरेका छन् । संस्थाले नमुना र साहसिक काम गर्ने कर्मचारीलाई यो अवार्ड प्रदान गर्छ । सिठुङलाई १० तोला चाँदीको अवार्ड जीवन विकास लघुवित्त वित्तीय संस्थाका अध्यक्ष बिक्रमराज सुवेदीले प्रदान गरेका थिए ।

जीवन विकासले २०८०/०८१ सालमा भएको उत्कृष्ट कार्य सम्पादनका आधारमा शाखा कार्यालय कटहरीलाई प्रथम पुरस्कार प्रदान गरेको छ । उत्कृष्ट शाखा तर्फको विधामा शाखा कार्यालय रामचोक दोस्रो र शाखा कार्यालय राप्ती तेस्रो भएको छ । तीन वटा शाखालाई सञ्चालक सदस्य श्यामचन्द्र खतिवडा, प्रकाशकुमार श्रेष्ठ र इन्द्रनारायण देव वैश्यले पुरस्कार प्रदान गरे ।

उत्कृष्ट जिल्ला प्रमुख तर्फ झापाको विर्तामोड क्लस्टर प्रमुख मनोजकुमार मण्डलले प्रथम, भोजपुर जिल्ला प्रमुख पप्पुकुमार साहले दोस्रो र सप्तरी कठौना क्लस्टर प्रमुख राजेशकुमार साहले तेस्रो पुरस्कार प्राप्त गरेको छ । उनीहरुलाई सञ्चालक गोकर्ण खतिवडाले पुरस्कार तथा तथा मेडल प्रदान थिए ।

कार्य सम्पादनका आधारमा उत्कृष्ट शाखा प्रमुखतर्फ झापाको भद्रपुर शाखा प्रमुख शर्मिलाकुमारी चौधरीले प्रथम, मोरङको मझारे शाखा प्रमुख अनिलकुमार साहले दोस्रो र सिरहाको सिरहा शाखा प्रमुख जितेन्द्रकुमार यादवले तेस्रो पुरस्कार प्राप्त गरेका थिए । उनीहरूलाई सञ्चालक अशोक सिटौलाले मेडल र प्रमाणपत्र प्रदान गरेका थिए ।

उत्कृष्ट फिल्ड कर्मचारी तर्फ जेसनकुमार दास प्रथम, अरुणा काकी दोस्रो र सीमाकुमारी राजवंशीले तेस्रो पुरस्कार प्राप्त गरका थिए । उनीहरूलाई सञ्चालक सदस्य डाक्टर बन्दना कुमारी जैनले मेडल र प्रमाणपत्र प्रदान गरेकी थइन ।

उत्कृष्ट सहयोगी कर्मचारी तर्फ निरजकुमार सिंह प्रथम भएको छ । मुकुन्द सुवेदी दोस्रो र फूलमाया काकी तेस्रो भइन् । उत्कृष्ट सहयोगी कर्मचारीलाई जीवन विकासका प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डलले पुरस्कार प्रदान गरेका थिए ।




# नियन्त्रित औषधी सहित पाँच पक्राउ

विराटनगर । खोटङ, उदयपुर, सुनसरी र मोरङको विभिन्न स्थानबाट प्रतिबन्धित औषधी, ब्राउन सुगर र गाँजा सहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

वैशाख २१ गते आईतवार मोरङको विराटनगर महानगर पालिका-१६ स्थितबाट लागू औषध नियन्त्रण व्यूरो विराटनगरको प्रहरी टोलले चेकजाँचको क्रममा मोरङ बेलबारी नगरपालिका-११ का १९ वर्षीय दिवश धिमाललाई २ ग्राम ४७ मिलिग्राम, बेलबारी-२ का २१ वर्षीय सन्तोष ॠषिदेवलाई ३ ग्राम २७ मिलिग्राम र भारत बिहार पुर्णिया का २५ वर्षीय गौरब जैनलाई ३ ग्राम ३० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय रंगेलीले धनपालथान गाउँपालिका-४ का ४५ वर्षीय चन्द्र शेखर मण्डललाई ब्राउन सुगर २ ग्राम ९५० मिलिग्राम सहित पक्राउ गरेको थियो ।

सुनसरीको प्रहरी चौकी कप्तानगंजले देवानगंज गाउँपालिका-५ का ३१ वर्षीय पप्पु यादवलाई ३ सय २० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी खोटाङले साकेला गाउँपालिका-२ का २२ वर्षीय संगम राई र २८ वर्षीय सैलेश बजिमयलाई प्रतिबन्धित औषधी ट्रमाडोल १४५ क्यापसुल र १५६ ट्यावलेट डाइसे २० सहित पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय उदयपुरले त्रियुगा नगरपालिका-१३ की २७ वर्षीया कल्पना चौधरी र ५५ वर्षीय देव नारायण चौधरीलाई ३ किलोग्राम गाँजा सहित नियन्त्रणमा लिएको थियो ।

प्रतिबन्धित औषधी, ब्राउन सुगर र गाँजा सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ ।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

स्वास्तिक आयल इन्ड्रष्ट्रिज प्रा.लि.
परिवार, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजकुमार यादव (जिल्ला अध्यक्ष)
जनता समाजवादी पार्टी मोरंग

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

विनोद कुमार न्यौपाने, प्र. प्रशासकइय अधिकृत
अकली चौधरी, नगर उप-प्रमुख
केदार प्रसाद गुरागाई, नगर प्रमुख

सुन्दरहरैंचा नगरपालिका, नगरपालिकाको
कार्यालय मोरंग कोशी प्रदेश

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।


किरण प्रसाद ढकाल, प्र. प्रशासकइय अधिकृत
नितु थापा कोइराला, नगर उप-प्रमुख
दिल प्रसाद राई, नगर प्रमुख

वेलवारी नगरपालिका, नगरपालिकाको
कार्यालय मोरंग, कोशी प्रदेश

# माता सीताको जन्म : सीता नवमी

**जय प्रकाश महतो**

मर्यादा, सम्मान र आर्दश शब्दहरुको निर्माता माता सीता हुन् । आफनो कर्म, निर्मल मन र पवित्र उदेश्यको सर्जक माता सीताद्धारा प्रदत्त एक पहिचान हो सीता नवमी। जसरी शिशाको ग्लासलाई जताबाट हेरिन्छ त्यतैबाट आफनो अनुहार देखिन्छ  त्यसरी नै जब मर्यादा, सम्मान र आर्दश शब्दको उचारण गरिन्छ अनि हामी माता सीताको चरित्र, स्वाभाव, व्यवहार, आर्दश, धैर्यता र कर्मलाई सम्झन्छौं । आफनो कर्ममा सर्तकता अपनाउछौं । बैशाख शुल्क नवमीलाई जानकी नवमी वा सीता नवमी पनि भनिन्छ । उक्त दिन माता सीताको जन्म दिन आदर भावले मनाउने गरिन्छ । नारी शक्तिको अथक योद्धाको रुपमा राष्ट्रले पहिचान गर्दै माता सीतालाई नेपालको बिभुति ल्बतष्यलर्बा ज्भचय को रुपमा सम्मान गरेको छ । यो सम्मान माता सीताको मात्रै नभई सबै आर्दश नारीहरुको सम्मान हो ।


लेखक : जयप्रकाश महतो

**माता सीताको जन्म**

सूर्यवंशी कुलको महर्षि राजा जनककी जेष्ठ छोरी सीता थिईन् । यिनलाई जनककी छोरी भएकोले जानकी पनि भनिन्छ ।सीताको जन्मको बारेमा विभिन्न ग्रन्थहरुमा फरक फरक तरिकाले विद्धानहरु आ आफनो तर्क उल्लेख गरेको पाइन्छ । जस मध्ये सब भन्दा उचित र विश्वासिलो तर्क उल्लेख गर्दै भनेका छन् कि राजा जनकको राज्यमा निकै ठुलो अनिकाल परेछ । केही वर्ष देखी पानी नपरेको कारण राज्यका जनताहरु भोक र गरिवीले छटपटाई रहेका थिए । त्यसै वेला राजा जनकले आयोजना गरेको एक यज्ञमा राजा जनक र उसको पत्नी दुवै जनाले सँगै खेतमा हलो जोतेपछि मात्र बर्षा हुने ऋषिमुनिहरुको आदेश कथनलाई राजा जनकले पालन गरेको बताइन्छ । राजा जनकको पत्नी सो समय गर्भवति रहेको र गर्भाधारणको अन्तिम समय रहेको थियो । सधैं प्रजाको लोक हित चाहने राजा जनकले त्यस्तो अवस्थामा पनि आफनो पत्नी सहित खेतमा हलो जोत्न गएको बताईन्छ । त्यस वेला हलोले बनाएको रेखामा राजा जनकको पत्नी सुनयनाले माता सीतालाई जन्म दिईन् बताईन्छ । त्यही दिन देखी जनतामा खुशीयाली आएको र पानीको बर्षा भई अनिकाल समाप्त भएको बताईन्छ । तसर्थ, भार्गव आर्दश हिन्दी शब्दकोश पेज नं. ७७४ मा आर.सी.पाठकले सीताको बारेमा यस प्रकार उल्लेख गरेका छन् "खेतमा हलोले जोत्दा फार(फाल) बाट बनेको रेखालाई पनि सीता" तथा "खेतीमा राम्रो उत्पादन शुरु" भनेर पनि उल्लेख गरेका छन् । त्यस्तै, नेपाल प्रज्ञा- प्रतिष्ठानद्धारा प्रकाशित नेपाल बृहत् शब्दकोशको पेज नं. १२७८ प्रा. बालकृष्ण पोखरेलले  सीता भनेको "जोत्दा जमिनमा परेका हलोको डोब, मिथिलाको राजा जनककी छोरी, जोतिएको जमिन, श्रीरामको पत्नी, लक्ष्मी, पार्वती" उल्लेख गरेका छन् । यसवाट पनि प्रष्ट प्रमाणित हुन्छ कि राजा जनककी पत्नी सुनयनाको गर्भबाट खेतमा हलो जोत्ने बेलामा जन्म भएकोले नै सोही अनुसार सीताको अर्थ राखिएको हुन सक्छ बताईन्छ ।

माता सीताको जन्म बैशाख महिनाको नवमीको दिन भएको र नवमी भन्दा ठुलो कुनै अंक पनि नभएकोले माता सीतालाई सब भन्दा श्रेष्ठ मानिएको बताइन्छ । खेतमा हलो जोतिने बेलामा जन्मिएको हुनाले कृषि कार्यमा जोतिएको भुमिलाई पनि सीता भनिएको पाइन्छ । राष्ट्रको पहिचानको रुपमा चित्रण गरिएको माता सीताको जन्म नेपालको भुगोलले स्वीकार गरिसकेको प्रष्ट छ । लव कुशको जन्म वर्तमान नेपालको चितवन जिल्लाको बाल्मीकि आश्रममा भएको विषय पनि नेपालका इतिहासकार र संस्कृति विद्हरुले पनि स्वीकार गरेको देखिन्छ । माता सीताको दुई यमज पुत्रहरु जेठ कुश र कान्छो लव रहेको थियो ।

सीता गुफा : कालिगण्डकी नदी त्रिशुलीमा मिसिने स्थान प्रसिद्ध रहेको देवघाट तीर्थ पर्दछ । यस स्थानमा चितवन, तनहुँ र नवलपरासी तर्फका बिभिन्न स्थानहरुमा अनेकौं देवी देवताहरुको प्रतिमा र मठमन्दिर हरु रहेका छन् जसलाई तीर्थका नामले जान्ने गरिन्छ ।देवघाटको तनहुँतिर पनि ज्यादा मठ मन्दिरहरु र गुफाहरु रहेका छन् । त्यस्तै एउटा गरफा कालिगण्डीको माथि तिर वशिष्ठ गुफाको छेउमा सीता गुफा भन्ने गरिन्छ (तिम्सिना, २०६४ : ९८) । यस क्षेत्रमा राम र सीताका क्रिया कलापहरु भएको बताइन्छ । माता सीताले आफनो यमज पुत्रहरु लव र कुशलाई यसै स्थानमा बसेर रामको जिम्मा लगाएकी थिईन् तसर्थ, त्यहाँको गुफालाई सीता गुफा पनि भनिन्छ । सीता गुफा सानो तर आर्कषक देखिन्छ।(स्रोत : प्रा. डा. सोमप्रसाद खतिवडा, नेपाली संस्कृति विश्वकोश, २०७४, पेज १२७०) ।

शब्दकोशमा उल्लेख गरेको परिभाषाहरुले माता सीता राजा जनककी छोरी मात्र नभई एक असल नारीको परिचय दिदै आफनो बुवा कुलको र पति श्रीराम कुलको मार्यादा राख्न सफल भएको देखिन्छ । शास्त्र र शस्त्रमा निपुणता हासिल गरेका विद्धान राजा जनककी छोरी सीता रघुकुलमा बुहारी भएर गएकाले आफनो मातृत्व र पतिको पितृत्वलाई सम्मान दिएको देखिन्छ । त्यसैले, माता सीताको विश्वास र कर्म दर्शनको रुपमा लिने गरिन्छ । लेखक अध्यक्ष, भाषा संस्कृति प्रतिष्ठानको अध्यक्ष हुनुहुन्छ ।

# प्रतिबन्धित औषधी सहित १२ पक्राउ

विराटनगर । भोजपुर, धनकुटा, झापा, मोरङ र सुनसरीको विभिन्न स्थानबाट प्रतिवन्धित औषधी र ब्राउन सुगर सहित १२ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बुधबार सुनसरीको धरान उप-महानगरपालिका-१३ स्थितमा लागू औषध कारोबार भईरहेको भन्ने गोप्य सूचनाको आधारमा अस्थायी प्रहरी चौकी अमरहाटबाट खटीएको प्रहरी टोलीले ३० वर्षीय  मिलन लिम्बुलाई प्रतिवन्धित औषधी ट्रामाडोल ३ हजार ९० क्याप्सुल, डाइसीक्लोमीन ३ हजार ७० ट्याब्लेट र डाइजेपाम ३० एम्पुल सहित पक्राउ गरेको थियो ।

त्यसैगरी मोरङ बिराटनगर-१५ स्थितबाट लागू औषध नियन्त्रण व्यूरो विराटनगरको प्रहरी टोलिले चेकजाँचको क्रममा मोरङ कानेपोखरी-४ का १९ वर्षीय हेमराज बिश्वकर्मा, १८ वर्षीय सुदिप बिश्वकर्मा र  सुनसरी इटहरी -४ का १९ वर्षीय एलेक्स सुबेदीलाई ब्राउन सुगर ३ ग्राम १ मिलिग्राम र प्रहरी चौकी गछियाले सुन्दरहरैचा-३ का २७ वर्षीय गोबर्धन गुरुङ, २६ वर्षीय गुलाब चौधरी, २५ वर्षीय शक्ति राई, २० वर्षीय बिशाल उराउलाई प्रतिवन्धित औषधी ट्रमाडोल १ हजार ३ सय ३० ट्याब्लेट र ब्राउन सुगर १ ग्राम १८ मिलिग्राम सहित पक्राउ गरेको थियो ।

झापाको इलाका प्रहरी कार्यालय झिलझिलेले शिव सताक्षी-८ का वर्ष २७ को सुनिल लिम्बुलाई औषधी ट्रामाडोल १ सय ५० क्याप्सुल सहित र प्रहरी चौकी शनिश्वरेले अर्जुनधारा-८ का ३२ अर्जुन राजवंशीलाई ब्राउन सुगर ४ ग्राम ४ मिलिग्राम र औषधी ९ एम्पुल सहित पक्राउ गरेको थियो ।

सोही दिन धनकुटा छथर जोरपाटी गाँउपालिका-६ स्थितमा जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा सोही स्थानका २४ वर्षीय दर्पण गुरुङ र ३१ वर्षीय सुदिल लिम्बुलाई ब्राउन सुगर २ सय १० मिलिग्राम र निषेधित औषधी ८ क्याप्सुल सहित पक्राउ गरेको छ, भने प्रहरी चौकी हसनपुर भोजपुर बाट खटिएको प्रहरी टोलिले भोजपुर हतुवागढी गाँउपालिका-९ स्थितबाट ब्राउन सुगर ७ सय ५० मिलिग्राम बरामद गरेको थियो ।

पक्राउ परेका उपर सम्वन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

***नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।***

**नगरवासीहरुको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं  २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

| अभय कुमार गुप्ता | मिना कुमारी खतिवडा | गंगा प्रसाद खरेल |
|---|---|---|
| प्र. प्रशासकइय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

उर्लाबारी नगरपालिका, नगरपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश

***नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।***

**नगरवासीहरुको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं  २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

| भूम सूर्य मगर | कृष्ण कुमारी पोखरेल निरौला | भुपेन्द्र कुमार लावती |
|---|---|---|
| प्र. प्रशासकइय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

लेटाङ नगरपालिका, नगरपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश

## भाषाले...

प्रदेशले कार्यान्वयनमा ल्याएको भाषासम्बन्धी यो ऐनले यस दिशामा पनि एक महत्त्वपूर्ण पाइला चालेको छ । यो ऐनले तामाङ र नेपालभाषालाई सरकारी कामकाजको भाषा बनाए पनि यसले अब अन्य भाषाहरूलाई पनि सरकारी कामकाजको भाषाको दर्जा प्रदान गर्दै जाने प्रारम्भको ढोका खोलेको छ ।

भाषा आन्दोलनका अगुवा मल्ल के. सुन्दरका अनुसार 'यो एक अर्थमा बहुलता र विविधतायुक्त नेपालजस्तो मुलुकमा सबै समुदाय र वर्गका नागरिकको अस्तित्व तथा पहिचान प्रति सम्मान हो । उनीहरूलाई राष्ट्रिय मूलप्रवाहमा समाहित गराउने राज्यको आधारभूत दायित्वको निर्वाह हो । सीमान्तकृत र बहिष्करणको अवस्थाबाट अधिकारसम्पन्न बनाउने महत्त्वपूर्ण अभियान हो, (कान्तिपुर, २०८१ वैशाख २५) ।'

राज्यले सबै भाषाहरूलाई यसरी राजकीय मान्यता प्रदान गरेपछि ती भाषा बोल्ने समुदायमा पनि राज्यप्रति अपनत्वको भाव जागृत हुन्छ र यो मुलुक आफ्नो पनि हो भन्ने संकल्पले मनमा स्थान ग्रहण गर्न थाल्छ । बागमती प्रदेशले तामाङ र नेपालभाषालाई सरकारी कामकाजको भाषा बनाएपछि अब आआफ्नो क्षेत्रमा आ-आफ्नो प्रकारले सबै भाषाहरू कामकाजी भाषाको रूपमा प्रयाग गर्न सकिने भएको छ । संघीय सरकारले नेपाली (खस) भाषा मात्रै सरकारी कामकाजको भाषा हुनेछ भनेर संविधानमै उल्लेख गरेको छ । बागमती प्रदेशमा आएपछि नेपाली (खस) बाहेक अरु दुई नेपाली भाषाहरू तामाङ र नेपालभाषालाई पनि थपिए । त्योभन्दा पनि मुनि पालिकास्तरमा आएपछि नेपाली (खस), तामाङ र नेपालभाषाबाहेक अर्को कुनै भाषा बोल्नेहरूको संख्या अधिक छ भने त्यहाँ त्यो एउटा (वा त्योभन्दा बढी) भाषालाई पनि कामकाजी भाषाको रूपमा मान्यता दिन सकिन्छ । जस्तो : लुम्बिनी प्रदेशस्थित बुटवल उपमहानगर पालिकाले नेपाली (खस) बाहेक थारु, मगर र नेपालभाषालाई पनि सरकारी कामकाजी भाषाको मान्यता प्रदान गरेको छ । लुम्बिनी प्रदेशमा थारु, अवधि र भोजपुरी भाषालाई सरकारी कामकाजको भाषा बनाउने भाषा आयोगको सिफारिस रहेको भए तापनि उक्त प्रदेशको बुटवल उपमहानगरपालिकाले आफ्नो उपमहानगरको जनसंख्याको आधारमा मगर र नेपालभाषालाई पनि मान्यता दिने घोषणा गरेको हो । गत २०८१ वैशाख १० गते उक्त उपमहानगरपालिकामा यी चार भाषामा लेखिएको बडापत्र राख्ने कार्य सम्पन्न भएको थियो ।

त्यस्तै, पालिका तहबाट तल वडा तहमा आएपछि त्यहाँ पनि त्यहीँकै बाहुल्य भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता प्रदान गर्न सकिन्छ । जस्तो : इलामको माङसेबुङ गाउँपालिका वडा ५ मा २०७५ कार्तिक १५ गते किरात लिम्बु भाषालाई जातीय बाहुल्यका आधारमा सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गर्ने निर्णय भएको थियो । उक्त दिन स्थानीय जनताको सहभागितामा त्यहाँको गाउँ कार्यपालिका तथा गाउँसभामा यो सम्बन्धी प्रस्ताव पेस गरी पारित गरिएको थियो । त्यसपछि २०७५ मंसिर १३ गते सरकारी कामकाजको रूपमा प्रयोग गर्ने औपचारिक कार्यक्रम साथ घोषणा गरी कार्यान्वयनमा ल्याइएको छ । यस्तै कार्य अन्य पालिकाका वडाहरूमा पनि गर्न सकिन्छ ।

पालिका तह र त्योभन्दा मुनि वडा तहमा सरकारी भाषासम्बन्धी ऐन बनाउँदा त्यही प्रदेशमा रैथाने भाषाका रूपमा विद्यमान विभिन्न साना-ठुला भाषाहरूलाई प्राथमिकतामा राख्नुपर्छ । जस्तो : बागमती प्रदेशमा तामाङ र नेपालभाषाका अतिरिक्त कागते भाषा, घले भाषा, चेपाङ भाषा, जिरेल भाषा, डोने भाषा, थामी भाषा, थारु भाषा, दनुवार भाषा, दराई भाषा, पहरी भाषा, बनकरिया भाषा, माझी भाषा, शेर्पा भाषा, सुनुवार भाषा, सुरेल भाषा, हायु भाषा र ह्योल्मो भाषा (जम्मा १९ वटा) लाई प्रशासन, शिक्षा आदि जुन अवस्थामा प्रयोग गर्न सकिन्छ, (अमृत योञ्जन, नेपालका सरकारी कामकाजको भाषा, २०८१, म्हेन्दो ट्रस्ट, पृ. ११८-१३७) । त्यही हैसियतको कामकाजमा प्रयोग गर्ने गरी मान्यता प्रदान गर्ने र पछि क्रमशः त्यसको उन्नति गर्दै जाने कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसले प्रदेश भित्रका सबै भाषालाई सरकारी कामकाजको भाषाको मान्यता प्रदान गर्दै जान टेवा पुग्नेछ ।

प्रदेश, पालिका वा वडास्तर मा भाषाहरू प्रयोग गर्दा त्यहाँ एउटै भाषाको पनि कुन मानक प्रयोग गर्ने भन्ने विवाद आउन सक्छ कि भन्ने आशंका पनि गर्न थालिएको छ । बागमती प्रदेशमै पनि तामाङ र नेपालभाषाको मानक व्यवस्थापन बाधकका रूपमा आउन सक्ने सम्भावना भाषाविद्ले औंल्याएका छन् । तामाङ भाषा र नेपालभाषा दुवैको धेरै भाषिक भेदहरू रहेका कारण कुन भेदलाई आधिकारिक मान्ने भन्ने मानकसम्बन्धी समस्या आउन सक्नेप्रति उहाँहरूको चिन्ता हो । यो भाषासम्बन्धी कानुन नै लागु गर्न नसकिने गरी उत्पन्न हुने समस्या भने होइन ।

मानक कुनै निकायले घोषणा गर्दैमा प्रयोग हुने र घोषणा नगरेमा प्रयोग नै गर्न नसकिने विषय होइन । भाषाको निरन्तर प्रयोगले मानक पनि निर्धारण हुँदै जाने हो । उदाहरणका लागि नेपालभाषामा हाल काठमाडौंमा बोलिने नेवाः भाषालाई मानक मान्ने मोटामोटी सहमति भएको छ, तर कालान्तरमा यही भाषिकाले मूल मानकको रूप ग्रहण गर्छ नै भन्न सकिँदैन । वरिष्ठ भाषाविद् प्रा. डा. योगेन्द्र यादवले कुनै पनि भाषाको प्रयोगमा मानकलाई तगारोका रूपमा अघि ल्याउन नहुने विचार राख्नुभएको छ । मानकले भाषाको विकासलाई अवरुद्ध पार्ने उहाँको दाबी छ, (२०८१ कात्तिक ४ गते राससद्वारा नेपालभाषा र मैथिली भाषामा समाचार बुलेटिन प्रकाशन सुरु भएको उपलक्ष्यमा आयोजित समारोहमा गर्नुभएको सम्बोधन) ।

नेपाली भाषा पनि वर्तमान समयमा जुन मानक प्रयोग भइरहेको छ त्यो कुनै निकायले घोषणा गरेको मानक थिएन । कालान्तरको प्रयोगले नै यो मानक निर्धारण गरेको हो । बेलाबखत त्यसमा संशोधन एवं परिमार्जन हुने गरेको छ । यसमा यदाकदा विवाद पनि उत्पन्न हुन्छ । नेपाली भाषामा जस्तै अरु भाषामा पनि यसरी नै प्रयोगको आधारमा मानक बन्दै जाने हो । अरु भाषाहरू सरकारी कामकाजमा प्रयोग हुने चलन भर्खर सुरु मात्रै हुँदै छ । यसलाई मानकको विवादमा उल्झाउनु उचित हुँदैन । बरु हाललाई स्थानीय तहमा जहाँ जुन प्रकारको भाषिका प्रयोग हुने हो, त्यहाँ त्यही भाषिकालाई मानक मानी कामकाजमा प्रयोग गर्नु उचित हुन्छ ।

बागमती प्रदेशमा सरकारी कामकाजी भाषासम्बन्धी यो ऐन जो आयो, यो देशमा स्थापना भएको गणतन्त्रको उपहार हो, यसलाई भने हामीले भुल्नु हुँदैन । पञ्चायती शासनमा नेपालको भाषा नीति 'एक देश एक भाषा' सिद्धान्तमा आधारित थियो । २००७ सालमा प्रजातन्त्र आएपछि प्रदान गरिएका केही सीमित भाषिक अधिकारहरू ०१७ को पञ्चायती व्यवस्थाले खारेज गरिदिएको थियो । जस्तो, रेडियो नेपालमा विविध भाषाबाट प्रसारण हुने समाचार र साहित्यिक-सांस्कृतिक कार्यक्रम, विद्यालय शिक्षामा व्यवस्था गरिएको मातृभाषा अध्ययन आदि ।

२०५६ सालमा काठमाडौं महानगरपालिकामा नेपालभाषा र धनुषा जिविस एवं राजविराज नगरपालिकामा मैथिली भाषालाई कामकाजी भाषाको मान्यता दिने भनी तत्तत् स्थानीय निकायले गरेको निर्णयलाई सर्वोच्च अदालतले खारेज गरिदिएको थियो ।

२०४७ सालमा प्रजातन्त्र पुनर्वहाली पछि जारी भएको नयाँ संविधानलाई विश्वकै उत्कृष्ट संविधान भनिन्छ । यसले पनि सरकारी कामकाजमा अन्य भाषाको प्रयोगलाई बन्देज नै लगाएको थियो । २०५६ सालमा काठमाडौं महानगरपालिकामा नेपालभाषा र धनुषा जिविस एवं राजविराज नगरपालिकामा मैथिली भाषालाई कामकाजी भाषाको मान्यता दिने भनी तत्तत् स्थानीय निकायले गरेको निर्णयलाई सर्वोच्च अदालतले खारेज गरिदिएको थियो । तसर्थ २०४७ सालको संविधान भाषिक अधिकारको दृष्टिकोणले निकम्मा नै थियो ।

२०६२/६३ सालमा भएको जनयुद्ध र जनआन्दोलनको प्रतिफल स्वरूप २०७२ सालमा संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था सहित जुन नयाँ संविधान जारी भयो, त्यसपछि मात्रै नेपालमा बोलिने अन्य नेपाली भाषालाई पनि सरकारी कामकाजको भाषा बनाउन सकिने समावेशी अधिकार प्राप्त भयो ।

त्यसैले बागमती प्रदेशले तामाङ भाषा र नेपालभाषालाई प्रदेशको सरकारी कामकाजी भाषाको मान्यता प्रदान गर्ने जो निर्णय गर्‍यो, त्यो गणतान्त्रिक व्यवस्थामा मात्रै सम्भव भएको विषय हो । यसलाई गणतन्त्रले प्रदान गरेको अनुपम उपहारको रूपमा लिन सकिन्छ । यदि मुलुकमा गणतन्त्र कमजोर भयो भने जनताले प्राप्त गरेको यो भाषिक अधिकार पनि कमजोर हुन सक्छ, यसमा सबैको हेक्का रहनु आवश्यक छ ।

### अब समुदायको दायित्व

संविधानमा व्यवस्था गरिए बमोजिम बागमती प्रदेश सरकारले तामाङ भाषा र नेपालभाषालाई सरकारी कामकाजको भाषा बनाउने ऐन जारी गरिसकेको छ । यसका लागि बागमती प्रदेशसभा, प्रदेशसभाका सम्पूर्ण सभासद् एवं बागमती प्रदेश सरकारलाई धन्यवाद दिनुपर्छ । ऐन जारी गरेर सरकारले आफ्नो वचन पूरा गरिसकेको छ । त्यसलाई कार्यान्वयन गर्न बजेट विनियोजन गरी विभिन्न कार्यक्रम अघि बढाइसकेको छ । भाषासम्बन्धी कार्य केवल सरकारले मात्र गरेर पुग्दैन, सम्बन्धित भाषाका वक्ताले दैनिक प्रयोगमा ल्याए मात्रै संरक्षण एवं उन्नयन सम्भव हुन्छ ।

सरकारले लागु गरेको ऐनलाई कार्यान्वयन गर्न र सफल पार्न समुदायको अहं भूमिका रहन्छ । समुदाय मौन रहने हो भने यो ऐनको कुनै प्रयोजन हुनेछैन । सम्बन्धित भाषिक समुदायले लामो संघर्ष गरी प्राप्त गरेको यो ऐनलाई सार्थकता प्रदान गर्न अब सम्बन्धित समुदायले विद्यालय तहदेखि उच्च तहसम्म आफ्नो मातृभाषामा पठनपाठन गराउने, सरकारी कार्यालयहरूमा निवेदन, उजुरी दर्ता जस्ता कार्य आफ्नै मातृभाषामा सम्पादन गर्ने र सबैभन्दा महत्त्वपूर्ण कुरा आफ्ना बालबच्चालाई आफ्नो घरमा आफ्नै मातृभाषा सिकाउने कार्य गर्नु अत्यन्त आवश्यक छ । सम्बन्धित समुदायले आफ्नो मातृभाषालाई आफ्नै दैनिक कामकाजमा प्रयोग नगर्ने हो भने त्यो सरकारको कामकाजमा पनि प्रयोग हुन सक्दैन । भाषाले कानुन पाएको छ, अब न्याय पाउनु छ । (लेखक भाषा आयोगका सदस्य हुन् ।)

रातोपाटीबाट

**ट्राफिक नियमको पालना गरौं ।**
**सडक सुशासन कायम गरौं ।।**

***नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।***

**गाउँवासीहरुको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं सडकमा नछाडौं ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| हिरा कुमारी यादव | भोला प्रसाद अधिकारी | राजमती इङ्ग्नाम |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**कानेपोखरी गाउँपालिका, गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश**

***नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।***

**गाउँवासीहरुको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं सडकमा नछाडौं ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| श्री जयराम श्रेष्ठ | मनमाया मगर | सुमन मिरिङचिङ |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**केरावारी गाउँपालिका, गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश**